ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
प्रधान कार्यालय
जनशक्ति व्यवस्थापन तथा तालिम विभाग

## मूल्याङ्कन र आन्तरिक बढुवातर्फ दरखास्त फारम भर्ने सम्बन्धी सूचना

**(मिति: २०८२/०९/३०)**

यस वित्तीय संस्थामा २०८२ साल असार मसान्तसम्म रिक्त रहेका पदहरूमध्ये देहायका पदहरू मूल्याङ्कन बढुवा र आन्तरिक बढुवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने भएकोले उक्त अवधिसम्म बढुवाको लागि सम्भाव्य भएका उम्मेदवारहरूबाट संस्थाको कर्मचारी सेवा विनियमावली, २०८० बमोजिम निजहरूले हासिल गरेको शैक्षिक योग्यताको प्रतिलिपि, जेष्ठता, विभिन्न भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव समेतलाई पुष्टि गर्ने कागजातहरू सहित तोकिए बमोजिमको रीतपूर्वक बढुवा फारम भरी यो सूचना प्रकाशित भएको मितिले २१ दिन (कार्यालय समय) भित्र प्रधान कार्यालय जनशक्ति व्यवस्थापन तथा तालिम विभाग बुटवलमा आइपुग्ने गरी पेश गर्नुहुन पदपूर्ति समितिको निर्णयअनुसार सूचित गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिनेछ । बढुवाको दरखास्त फारम भर्ने उम्मेदवारले अधिकृत श्रेणीको पदको लागि आवेदन गर्दा आवेदन दस्तुर वापत रु.७००।-,सहायक श्रेणीका लागि रु.५००।- र श्रेणी विहिन पदको लागि रु.३००।- यस संस्थाको नाममा माछापुच्छ्रे बैंक लि.शाखा कार्यालय बुटवलमा रहेको खाता नं.०२३००२००२५२०००२२ वा सिटिजन्स बैंक इन्टरनेशनल लि.शाखा कार्यालय बुटवलमा रहेको खाता नं. १५८०१००००४३७२०१ मा जम्मा गरी सो को सक्कल भौचर राखी दरखास्तसाथ पेश गर्नु पर्नेछ । दरखास्त फारम Online मार्फत पनि पेश गर्न सकिने छ । तोकिएको अवधिभित्र आवेदन फारम नभरेमा र परीक्षा दस्तुर नबुझाएमा उम्मेदवारहरू बढुवा प्रकृयामा समावेश हुन पाउने छैनन् ।

दरखास्त फारम, पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस संस्थाको वेबसाइट www.gblbs.com.np को Career बाट प्राप्त गर्न सकिनेछ ।

| विज्ञापन नं. | पद | तह/श्रेणी | सेवा | मूल्याङ्कन बढुवाद्वारा पूर्ति गर्नुपर्ने पद संख्या | आन्तरिक बढुवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने पद संख्या |
|---|---|---|---|---|---|
| ०२/२०८२/८३ | प्रबन्धक | अधिकृत आठौं/द्वितीय | प्रशासन | ८ | ६ |
| ०३/२०८२/८३ | उपप्रबन्धक | अधिकृत सातौं /तृतीय | प्रशासन | १८ | १२ |
| ०४/२०८२/८३ | सहायक प्रबन्धक | अधिकृत छैटौं/तृतीय | प्रशासन | १६ | ११ |
| ०५/२०८२/८३ | सहायक कम्प्युटर अधिकृत | अधिकृत छैटौं/तृतीय | प्राविधिक | १ | ० |
| ०६/२०८२/८३ | वरिष्ठ सहायक | सहायक पाँचौं/प्रथम | प्रशासन | ३ | २ |
| ०७/२०८२/८३ | सहायक | सहायक चौथो/द्वितीय | प्रशासन | ४ | ४ |
| ०८/२०८२/८३ | कम्प्युटर अपरेटर | सहायक चौथो/द्वितीय | प्राविधिक | १ | १ |
| ०९/२०८२/८३ | वरिष्ठ सहयोगी | श्रेणी विहिन | प्रशासन | १० | ० |
| | जम्मा | | | ६१ | ३६ |

सदस्य सचिव
पदपूर्ति समिति